सूचनाको हक सम्बन्धी ऐन, २०६४, को दफा ५(३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

१) सूचना सार्वजनिक गर्ने निकायको नाम

माडी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, चितवन

२) सूचना सार्वजनिक गरेको अवधि

चौथो त्रैमासिक - (बैशाख, जेठ र असार) एवम् वार्षिक आ.व.: २०८२/०८३

३) कार्यालयको स्वरुप र प्रकृति

- साविकका ४ वटा गा.वि.स.हरु अयोध्यापुरी, माडी कल्याणपुर, बघौडा र गर्दीलाई समेटेर वि.सं. २०७३ सालमा माडी नगरपालिका घोषणा भएको
- यसको सिमानामा पूर्वमापर्सा जिल्ला, पश्चिममा चितवन राष्ट्रिय निकुञ्ज, उत्तरमा चितवन राष्ट्रिय निकुञ्ज र दक्षिणमा पर्सा जिल्ला र भारत
- भौगोलिक अवस्थिति अनुसार यस नगरपालिका ८४ डिग्री १५ मिनेट २० सेकेण्ड देखि ८४ डिग्री ३२ मिनेट ३३ सेकेण्ड पूर्वी देशान्तर सम्म फैलिएको र २७ डिग्री २१ मिनेट, १६ सेकेण्ड देखि २७ डिग्री ३० मिनेट ४९ सेकेण्ड उत्तरी अक्षांस सम्म फैलिएको क्षेत्रफल २१८.५२ वर्ग कि.मी. रहेको छ । यस नगरपालिकाको उत्तर दक्षिणको लम्वाई २९.११ कि.मि.
- माण्डव्य ऋषिले यस भूमीमा तपस्या गरेर यहाँका बासिन्दाहरुलाई मार्ग दर्शन गर्नु भएको र माण्डब्य ऋषिको तपस्थली भएकाले माडी भनिएको भन्ने किम्बदन्ती
- यहाँका आदीबासी थारुहरुले आफ्नो भाषामा पानी जमेको स्थानलाई माड् भन्ने गरेका र माडी उपत्यका भित्र पानी जमेको देखेर थारुहरुले माड्-माड् भन्दै आउदा माडी नाम रहेको आदीबासी थारुजातीका बुढापाका, वुद्धिजिवीहरुको कथन रहेको

४) काम, कर्तव्य र अधिकार

- सहकारी संस्था व्यवस्थापन
- स्थानीय कर सेवा शुल्क र दस्तुर
- एफ एम् सञ्चालन
- स्थानीय सेवाको व्यवस्थापन
- स्थानीय तथ्याकं संकलन अभिलेख संकलन
- स्थानीय स्तरका विकास आयोजना र परियोजना

नि.प्रमुख प्रशासकीय अधिकृत

- आधारभूत र माध्यमिक शिक्षा
- आधारभूत स्वास्थ्य तथा सरसरफाई
- स्थानीय बजार व्यवस्थापन वातावरण संरक्षण र जैविक विविधता
- स्थानीय सडक ग्रामिण सडक कृषि सडक र सिंचाई
- नगर सभा मेलमिलाप तथा मध्यस्तताको व्यवस्थापन
- बेरोजगार तथ्यांक संकलन
- स्थानीय अभिलेख व्यवस्थापन
- जग्गा धनी दर्ता प्रमाण पुर्जा वितरण
- कृषि तथा पशुपालन कृषि व्यवस्थापन पशु स्वास्थ्य सहकारी
- जेष्ठ नागरिक अपागंता भएका व्यक्ति र अशक्तको व्यवस्थापन
- कृषि प्रसारको व्यवस्थापन सञ्चालन र नियन्त्रण
- खानेपानी तथा वैकल्पिक उर्जा
- विपद् व्यवस्थापन
- जलाधार वन्यजन्तु खानी तथा खनीज पदार्थको संरक्षण
- भाषा संस्कृति र ललितकलाको संरक्षण र विकास
- नगर प्रहरी व्यवस्थापन

५) कार्यालय (स्वास्थ्य संस्थाहरुमा समेत) मा रहने कर्मचारी संख्या र कार्य विवरण

| क्र.स. | कार्यालय | स्थायी कर्मचारी | करार कर्मचारी | दैनिक ज्यालादारी | कूल |
|---|---|---|---|---|---|
| १ | माडी नगरपालिका नगर कार्यपालिकाको कार्यालय | ४३ | ४६ | २३ | ११२ |
| २ | बघौडा अस्पताल | २२ | २७ | ० | ४९ |
| ३ | अन्य स्वास्थ्य संस्थाहरु | १९ | ३१ | ६ | ५६ |
| ४ | कूल | ८४ | १०४ | २९ | २१७ |

६) निकायबाट प्रदान गरिने सेवा

नागरिक वडापत्र, २०७९/८० अनुसार

नि.प्रमुख प्रशासकीय अधिकृत

७) निर्णय गर्ने प्रक्रिया र अधिकार

नगर सभा - नगर कार्यपालिका - विषयगत समिति - विषयगत शाखा तथा वडा कार्यालय

८) निर्णय उपर उजुरी सुन्ने अधिकारी

सँम्बन्धीत शाखाको शाखा प्रमुख र शाखा प्रमुखबाट समेत चित्त नबुझेमा प्रमुख प्रशासकीय अधिकृत

नगरपालिकाको समग्र विषयवस्तु - नगर प्रमुख

न्यायिक विषय - नगर उप-प्रमुख

९) सम्पादन गरेको कामको विवरण

मूल दर्ता चलानी किताव

कूल दर्ता : ५९३२

कूल चलानी : ३७९८

पञ्जिकरण तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी विवरण

जन्मदर्ता : पुरुष ४०१ महिला ३५८ कुल ७५९

मृत्यूदर्ता : पुरुष १२६ महिला १७९ कुल ३०५

सम्वन्धविच्छेद : ६५

विवाहदर्ता : ३३१

बसाई सरी आएका : १३५ परिवार ३०० जना

बसाई सरी गएका : २२२ परिवार ५९७ जना

जम्मा घटना दर्ता : १८१७

सामाजिक सुरक्षा सम्वन्धी विवरण

| विवरण | पहिलो त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | जम्मा | कैफियत् |
|---|---|---|---|---|---|---|
| नविकरण भएको जम्मा संख्या | ५२६८ | | | | ५२६८ | |
| लागत कट्टा | ५४ | ६२ | ४९ | ३८ | २०३ | |
| नयाँ थप | ७४ | ८० | ५३ | ७६ | २८३ | |
| भत्ता वितरण संख्या | ५३३६ | ५३७१ | ५३६७ | ५३८३ | | फरवार्ड फिडको आधारमा |
| भुक्तानी रकम | ५१९५०८५० | ५१९०९१६३ | ५१७३०८७<br>९ | ५१७२१९३१ | २०७३१<br>२८२३ | MIS को प्रतिवेदन अनुसार |

नि.प्रमुख प्रशासकीय अधिकृत

- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना पूर्ण रुपमा अनलाइन मार्फत दर्ता भएको ।
- सामाजिक सुरक्षा भत्ता बैंकिङ्ग प्रणाली EFT मार्फत पहिलो, दोस्रो, तेस्रो र चौथो त्रैमासिक भत्ता वितरण गरेको ।
- वडागत रुपमा आएका घटना दर्ता तथा सामाजिक सुरक्षाका उत्पन्न कठिनाईहरू एनिडेस्क, रष्टडेस्क मार्फत समस्या समाधान गरेको ।
- एनिडेस्क मार्फत समस्या समाधान नभएमा वडामै उपस्थित भई समाधान तथा सहजीकरण गरेको ।
- सूचना सञ्चारको माध्यमबाट सरोकारवाला सबैमा विभागबाट प्राप्त सूचनाहरू सूचित गरेको ।
- सामाजिक सुरक्षा भत्ता बायोमेट्रिक रुजुको लागि वडा नं ६ मा मन्त्राको डिभाइस खरिद गरी वडामा गई जडान गरेको ।
- पुरानो घटना दर्ताको प्रतिलिपी माग भए बमोजिम सूचना फाराम रुजु गरी उपलब्ध गराइएको ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूको बायोमेट्रिक रुजुको लागि आवश्यकता अनुसार घरमै उपस्थित भई लाभग्राही औंठा छाप रुजु गरेको ।
- सामाजिक सुरक्षामा नयाँ दर्ता भएका लाभग्राहीहरूको परिचयपत्र उपलब्धं गराई बैंक खाता नम्वर सिस्टममा प्रविष्टी गरेको ।
- मृत्यु भएकोहरूको लगतकट्टा गरी बढी आएको भत्ता रकम माडी नगरपालिकाको पेयवल खातामा जम्मा गरी शर्शतमा रकम फिर्ता गरेको ।

न्यायिक समिति एवम् मेलमिलाप तर्फ

दर्ता भएका उजुरी - १६२ मेलमिलाप भएका - १४९

मेलमिलाप नभएका - १३ लगतकट्टा - ३ मालपोत पठाइएको जग्गा रोक्का - १६

- न्यायिक समितिको ईजलास कक्ष स्थापना भई सञ्चालनमा ल्याईएको ।
- नगरपालिका तथा वडाका मेलमिलाप समितिलाई सक्रिय बनाई छिटो उजुरीको फछ्यौंट हुने व्यवस्था मिलाईएको ।

संस्थागत विकास तथा सुशासन तर्फ

- नवनियुक्त वडा सचिवहरुका लागि सामाजिक सुरक्षा, व्यक्तिगत घटना दर्ता राजश्व तथा अन्य सिफारिस सम्वन्धमा ३ दिने अभिमूखिकरण कार्यक्रम सम्पन्न गरिएको ।
- जनप्रतिनिधि तथा कर्मचारीहरुलाई कार्यसम्पालन मूल्यांकन सम्वन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको ।
- नगरपालिकाको LGPAS मा आ.व. २०८१/८२ को प्राप्ताङ्क ७२.७ अँक सहित मन्त्रालयमा पेश गरिएको ।
- नगर प्रहरीहरुको तालिम सम्पन्न भई कार्यस्थलमा खटिन थालेको ।
- २८ वटा कार्यपालिका वैठक सम्पन्न भई विभिन्न निर्णयहरु भएको र वेभसाईटमा अध्यावधिक भएको ।

नि.प्रमुख प्रशासकीय अधिकृत

- विद्युतिय हाँजिरी नगरपालिका तथा अन्तर्गतका सबै शाखा कार्यालय, वडा कार्यालय, बघौडा अस्पताल तथा स्वास्थ्य संस्थामा पूर्ण रुपमा लागू गरिएको र माध्यामिक विद्यालयहरुमा समेत जडान गर्न खरिद कार्य सम्पन्न भएको ।
- पर्यटकीय पोर्टल एक्सप्लोर माडी सफलतापूर्वक सञ्चालनमा ल्याइएको ।

योजना तथा पूर्वाधार विकास तर्फः

- नगरस्तरीय २५ वटा योजना मध्ये २२ वटा सम्पन्न र वडास्तरीय १८० वटा योजना मध्ये १७९ वटा योजना सम्पन्न ।
- कालोपत्रे सडक २.२६ कि.मि. निर्माण सम्पन्न भएको, कालोपत्रे सडक निर्माणका लागि ४.०४ कि.मि. सडकको सब-वेश तथा बेश तयार भएको र सडक ग्राबेल तथा स्तरोनन्ति तर्फ २३.६८ कि.मि. लम्बाईको कार्य सम्पन्न भएको तथा सडक ढलान ०.२४ कि.मि. सम्पन्न भएको,
- ४ नं वडा कार्यालयको भवन निर्माण सम्पन्न गरि सोही भवनबाट प्रशासानिक सेवा प्रांरम्भ भएको,
- विधालय भवनतर्फ ३ वटा भवन निर्माण सम्पन्न भएको,
- स्वास्थ्य संस्थाको भवनतर्फ २ वटा भवन निर्माण सम्पन्न भएको,
- हालसम्म ८ वटा कल्भर्ट / कजवय निर्माण सम्पन्न भएको,
- सिंचाई कुलो लाईनिंगतर्फः आर सी सी कुलो १.७८ कि.मि. र पाईप लाईनिंग ०.४०२ कि.मि.को कार्य सम्पन्न,
- सडक नाला २.२६ कि.मि. लम्बाई बरावरको कार्य सम्पन्न,
- विपन्न वर्गको लागि ११ जना परिवारको आवास निर्माण,
- विपन्न समुदायको लागि २८ वटा शौचालय निर्माण,
- जंगली जनवारबाट सुरक्षाको लागि १.४१ कि.मि. लम्बाईको मेष जाली निर्माण र कम्पाउण्ड सम्पन्न,
- १७ वटा विधालयको पूर्वाधार निर्माण मर्मत तथा स्तारोनतीको कार्य सम्पन्न,
- ५९ वटा सामुदायीक र सांस्कृतिक भवन पूर्वाधार निर्माण, मर्मत तथा स्तरोन्नति र पर्यटकीय पूर्वाधार स्तरोन्नति कार्य सम्पन्न,
- १४ वटा स्थानमा पर्यटन पूर्वाधार स्तरोन्नति तथा निर्माण सम्पन्न,
- यस आ.व. मा हालसम्म ९६ घरधुरीलाई खानेपानीको सेवा पहुँच विस्तार गरिएको ।
- खोला तटवन्धन १.८९ कि.मि. कार्य सम्पन्न
- ५ कि.मि. लम्वाई सडकमा सडक बती विस्तार कार्य सम्पन्न
- माडी नगरपालिकाको हेभी इक्युपमेन्टबाट वडाका विभिन्न सडक मर्मत कार्यहरू, ढुंगा गिट्टी बालुवा प्रशोधन केन्द्रमा डम्पिङ्गका कार्यहरू, चितवन राष्ट्रिय निकुञ्जका सडक मर्मत कार्यहरू, फोहोरमैला व्यवस्थापन केन्द्र

नि. प्रमुख प्रशासकीय अधिकृत

मर्मत सम्भार, विभिन्न विपद् व्यवस्थापनका कार्यहरू, माडी ठोरी सडक अन्तर्गत पर्ने चितवन राष्ट्रिय निकुञ्जका सडक धुलो रहित बनाउन सडकमा पानी हाल्ने कार्य लगायत ।

- भू-उपयोग योजना तयार भई कार्यान्वयनमा आएको

कृषि तर्फ

- किसान सूचीकरण कार्यक्रम अन्तर्गत वडा नं १ देखि ६ का हालसम्म जम्मा ४६८२ कृषक घरधुरी सूचिकरण गरिएको।
- नगरपालिकाको ३०% लागत साझेदारीमा वडा नं. ३ स्थित बसन्तपुर वजारको खेल मैदान छेउमा ८५ लाख लगानीमा कृषि उपज वजार केन्द्र स्थापना गरिएको।
- माटो परिक्षणं शिविर सञ्चालन कार्यक्रम अन्तर्गत वडा नं. १, २, ४, ७, ८ र ९ मा माटोको नमूना सङ्कलन सम्वन्धी १ दिने अभिमूखीकरण कार्यक्रम सम्पन्न गरी शाखा स्थित ल्याववाट माटो परिक्षण सेवा सुचारु भएको र अम्लिय माटोको सुधारको लागि अनुदानमा कृषि चुन वितरण भइरहेको।
- पारिवारिक खेती प्रवर्द्धन कार्यक्रम अन्तर्गत कृषकस्तर जलवायु मैत्री कृषि प्रणाली सम्वन्धी र व्यवसायिक योजना निर्माण सम्वन्धी तालिम सम्पन्न साथै ४ जना कृषकहरुलाई नमूना घर वगैचा स्थापनाको लागि रु. १,१६,१०९ अनुदान सहयोग ।
- खाद्यान्न वालीको उन्नत वीउ उपयोगमा अनुदान कार्यक्रम अन्तर्गत १७५२ वढी कृषक घरधुरीलाई विभिन्न ६ जातका २८ टन धानको उन्नत वीउ ५०% अनुदानमा वितरण गरिएको।
- मागमा आधारित कृषि कार्यक्रम अन्तर्गत २० कृषि फर्म/कृषक समूह/सहंकारी मार्फत ११७ किसानहरुलाई मागको आधारमा विभिन्न कृषि सामाग्रीहरु ५० % अनुदानमा वितरण गरिएको।
- आ.व. २०८१/८२ मा स्थापना भएका पकेट विकास कार्यक्रमको निरन्तरता कार्यक्रम अन्तर्गत धान तथा मकै वाली खेती गर्ने कृषकहरुलाई २ कृषक समूह मार्फत विभिन्न कृषि सामग्रीहरुमा ७ लाख ९० हजार अनुदान प्रदान गरिएको ।
- तरकारी तथा फलफूल प्रवर्द्धन कार्यकम अन्तर्गत १८ वटा कृषि फर्म/कृषक समूह/सहकारी मार्फत ६६ जना कृषकहरुलाई तरकारी र फलफूल गर्न रु. ४०,५२,३५० अनुदान सहयोग गरिएको।
- स्थानीय कृषि उत्पादनको वजारिकरणको लागि किसान वजार कार्यक्रम अन्तर्गत वडा नं. ३ स्थित माडी किसान वजारमा फलामे ट्रष्ट र ७ टनको कोल्ड रुम निर्माण साथै डिस्पले र्‍याक र टिभि खरिदमा सहयोग।
- मागमा आधारित कुलो लाइनिङ्ग अन्तर्गत ९ वटा कृषक समूह/सहकारी मार्फत ९४० मिटर कूलो लाइनिङ्ग र मागमा आधारित पाइप लाइनिङ्ग कार्यक्रम अन्तर्गत ४ वटा कृषक समूह/सहकारी मार्फत २२८८.४ मिटर पाइप लाइनिङ्ग गरिएको।
- पर्यावरणीय कृपिलाई प्रोत्साहन गर्नको लागि इको माडी प्रवर्द्धन कार्यक्रम अन्तर्गत २ वटा कृषि फर्मलाई गड्यौला मल उत्पादनको लागि भर्मी सेड निर्माण र गड्यौला खरिदको लागि रु. ३,१५,७६५ सहयोग गरिएको।

नि. प्रमुख प्रशासकीय अधिकृत

- नविनतम खेती प्रविधि प्रवर्द्धन तथा हस्तान्तरण कार्यक्रम अन्तर्गत १५ जना कृषकहरुलाई च्याउ खेती र एजोला खेतीको लागि आवश्यक सामागरीहरु सहयोग गरिएको।
- कृषि शाखा तथा सेवा केन्द्र मर्मत सम्भार तथा व्यवस्थापन कार्यक्रम अन्तर्गत वडा नं ९ स्थित एकिकृत कृषि तथा पशु सेवा केन्द्रको मर्मत सम्भार र रङ्गरोगन तथा शाखा परिसरमा प्लाष्टिक टनेल निर्माण र सौन्दर्यकरणको काम गरिएको।
- कृषकसँग कृषि प्राविधिक कार्यक्रम अन्तर्गत १९२ जना कृषकहरुलाई माटोको नमूना संकलन तथा परिक्षण,उन्नत धान खेती प्रविधि तथा रोग किरा व्यवस्थापन, धानको बिउ उपचार सम्बन्धी तालिम प्रदान।
- हालसम्म ३३७ जनाभन्दा बढी कृषकहरूलाई शाखाबाट रोग तथा किराको निदान र खेती प्रविधिसम्बन्धी प्राविधिक सेवा प्रदान गरिएको छ। साथै, कृषि प्राविधिकहरू स्वयं कृषकहरूको खेतवारीमा पुगेर उत्पन्न समस्याहरूको स्थलगत अवलोकन गरी आवश्यक प्राविधिक सुझावहरू प्रदान गर्दै आएको।

पशुपन्छी तथा मत्स्य विकास तर्फ

- माडी नगरपालिका पशुपन्छी तथा मत्स्य विकास शाखाको आ.व. २०८२।८३ मा नगरस्तरीय तर्फ ८७.८३ प्रतिशत वजेट खर्च भएको छ भने प्रदेश सशर्त तर्फ ८६.१८ प्रतिशत र संघीय सशर्त तर्फ ५६.२१ प्रतिशत बजेट खर्च भएको छ।
- नगरपालिकाको दुधमा अनुदान प्रती लि. रू ४ निरन्तरता कार्यक्रम र प्रदेश सरकारको उत्पादनमा आधारित दुधमा अनुदान कार्यक्रम अन्तर्गत १२ वटा दुग्ध उत्पादक समूह। सहकारीलाई जम्मा ४८,३४,२९६.४।- रकम भूक्तानी गरिएको छ।
- नगरपालिकाको विपद व्यवस्थापन शिर्षकवाट सामुदायिक कुकुरहरूमा निःशुल्क बन्ध्याकरण तथा रेबिज खोप कार्यक्रम मार्फत २०३ वटा सामुदायिक तथा घरपालुवा कुकुरहरूमा बन्ध्याकरण कार्य सम्पन्न गरियो।
- खोप कार्यक्रम,महामारी तथा आकस्मिक औषधी व्यवस्थापन कार्यक्रमबाट करिब १२०० रेबिज खोप खरिद गरि आकस्मिक रूपमा पशुवस्तुमा स्याल तथा कुकुरले टोकेको अवस्थामा गोठमै गई रेबिज रोग विरूद्धको खोप कार्यक्रम सञ्चालन गरियो।
- प्रदेश सशर्त कार्यक्रम माछा प्रवर्द्धन कार्यक्रममा ११ जना मत्स्य पालक कृषकलाई ११ लाख बराबरको अनुदान कार्यक्रम सम्पन्न गरियो साथै, वंगुरपालन प्रवर्द्धन कार्यक्रममा १० लाखको अनुदान कार्यक्रम सम्पन्न गरियो।
- चितवन जिल्ला दुग्ध उत्पादक सहकारी संघ, हेफर प्रोजेक्ट नेपाल र माडी नगरपालिकाको साझेदारीमा ६ जना पशुपालक कृषकहरूलाई उन्नत नश्लको शुद्ध मुर्राको पाडा वितरण कार्यक्रम सम्पन्न भएको छ।
- ४० जना पशुपालक किसानको ४४ पशु बराबर सुत्केरी भत्ता वितरण गरिएको छ।

नि. प्रमुख प्रशासकीय अधिकृत

- १६८ किसानलाइ खोरेत रोग सम्वन्धि अभिमुखीकरण गरि नगर भित्रका ६,३०४ गाई। भैसीमा खोरेत बिरुद्धको खोप लगाईएको छ साथै १५,७७५ बाखामा पि पि आर रोग विरुद्धको खोप लगाईएको छ।
- फार्म सुधार तथा विस्तार कार्यक्रम अन्तर्गत १४ जना कृषकलाई १० लाख बराबरको रकम भूक्तानी गरिएको छ।
- पशुपन्छी तथा मत्स्य क्षेत्र यान्त्रीकीकरण कार्यक्रम अन्तर्गत २२ जना कृषकलाई ५० % अनुदान यान्त्र,उपकरण वितरण कार्यक्रम सम्पन्न गरियो।
- असार मसान्त सम्म ७४९४ किसानको ८३४४२ पशुपन्छी तथा मत्स्यलाई उपचार तथा अन्य सेवा प्रदान गरिएको छ।
- माडी नगरपालिकाको वडा नं ९ को हनुमानझुलामा २ दिने निशुल्क पशु स्वास्थ्य शिविर सञ्चालन गरि २०६ घरधुरीका किसानका गाई, भैंसी, बाखा, बंगुर, कुखुरा गरि जम्मा ६,८१६ पशुपन्छिलाई पुग्ने गरि औषधी वितरण तथा उपचार सेवा प्रवाह गरियो।
- हरियो घाँस विस्तार कार्यक्रम अन्तर्गत १० जना पशुपालक कृषकहरूलाई प्रति कठ्ठा रू. ३०००।- को दरले करिव ४ बिघा क्षेत्रफलमा वहुवर्षिय घाँस खेती विस्तार कार्यक्रम समपन्न गरियो।
- संघीय सशर्त तर्फ दुग्ध संकलन केन्द्र निर्माण(चिलिङ भ्याट खरिद तथा जडान समेत) कार्यक्रम अन्तर्गत ११ वटा सहकारी तथा फर्महरूलाई ५०% अनुदानमा ३४ लाख बराबरको दुग्ध संकलनसंग सम्वन्धीत यन्त्र,उपकरणहरू वितरण कार्यक्रम सम्पन्न गरियो।

शिक्षा तर्फ

- माडी नगरपालिकाभित्रका उत्कृष्ट सिकाई हाँसिल गरेका छात्र तथा छात्राहरुलाई यसै स्थानीय तहमा विज्ञान संकाय अध्ययत गर्नका लागि माडी माध्यमिक विद्यालयलाई आवश्यक अनुदानको व्यवस्थापन गरिएको
- शिक्षक तथा कर्मचारीहरुको मासिक रुपमा तलव भत्ता निकासा गरिएको
- विषेश अवस्थामा शैक्षिक क्षति न्यूनीकरण गर्नका लागि स्वयंसेवक तथा नगर शिक्षक अनुदान वितरण गरिएको
- प्रारम्भिक वालविकास शिक्षक तथा प्रधानाध्यापकहरुलाई प्रोत्साहनका कार्यक्रम ल्याइएको
- विद्यार्थीहरुको चौतर्फि विकासका लागि प्रातिभा शिक्षकहरुको व्यवस्थापनका साथै नगरस्तरीय अतिरिक्त क्रियाकलाप प्रतियोगितात्मक कार्यक्रम सञ्चालन गरिएको ।
- आधारभूत तह उत्तीर्ण परीक्षालाई केन्द्रिकृत गरी चलाइएको

नि.प्रमुख प्रशासकीय अधिकृत

- स्थानीय पाठ्यपुस्तक कक्षा १-५ को संशोधन तथा छपाई गरी वितरण गरिएकोमा कक्षा ६-८ को पााठ्यक्रमको इकपि वितरण गरिएको
- कक्षा ३ र ५ को स्तरकृत परीक्षा सञ्चालन गरिएको
- राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन गरी सम्पन्न गरिएको
- हनुमानझुला, भालुखोला र सिरुदमारमा अवस्थित विद्यालयहरुमा कार्यरत स्थायी शिक्षकहरुलाई आवास खर्च उपलब्ध गराई प्रोत्साहन गरिएको
- नगर स्तरीय नमुना विद्यालयहरुलाई शैक्षिक सुदृढीकरण अनुदान कार्यक्रम मार्फत प्रोत्साहन गरिएको
- मनमोहन बालग्रामको संचालन तथा व्यवस्थापनमा सहजीकरण गरिएको
- विद्यालय संचालन तथा व्यवस्थापन खर्चका लागि आन्तरिक स्रोतवाट समेत वजेट व्यवस्था गरिएको ।
- माडी क्याम्पस सञ्चालन अनुदानको व्यवस्थापन गरिएको
- माडी प्रज्ञा प्रतिस्ठानसँगको साझेदारीमा मौलिक संस्कृतिको जगेर्ना गर्ने कार्य सम्पन्न गरिएको
- शिक्षक विद्यार्थी अनुपात र तहगत एवं विषयगत शिक्षकको उपलब्धता सुनिश्चित हुने गरी शिक्षक दरवन्दी मिलान कार्य सम्पन्न गरिएको ।
- कानून वमोजिम प्रधानाध्यापक नियुक्तिको प्रकृयाको सुरुवात गरिएको ।

स्वास्थ्य तर्फः

- वैशाख ६ र ७ गते राष्ट्रिय भिटामिन ए कार्यक्रम अन्तर्गत माडी नगर भित्रका ६ देखि ५९ महिनासम्मका २४६५ जना वालवालिकाहरुलाई भिटामिन ए क्याप्सुल खुवाउने कार्य सम्पन्न गरिएको ।
- राष्ट्रिय पोषण लेखाजोखा कार्यक्रम अन्तर्गत ६ देखि ५९ महिनासम्मका १८१० जना बालबालिकाको पोषण लेखाजोखा गरि आवश्यक परामर्श दिईएको ।
- माडी नगरपालिका भित्र रहेका सम्पूर्ण स्वास्थ्य संस्थाहरुवाट यस त्रैमासिकमा जम्मा १६ हजार ९ सय ८४ जना सेवाग्राहीहरुलाइ सेवा दिइएको ।
- माडी नगरपालिका अन्तर्गत रहनु भएका ३८ जना महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु मार्फत २ हजार ५ सय १० जना सेवाग्राहीहरुलाई सेवा दिइएको।
- मिति २०८३ ज्येष्ठ १ गते माडी नगरपालिकालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना पालिका घोषणा गरिएको
- यस त्रैमासिकमा स्वास्थ्य संस्थाहरुले नियमित खोप केन्द्रबाट ५६८ जना वालवालिका र गर्भवती महिलाकालागि नियमित खोप सेवा दिइएको ।
- ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम अन्तर्गत ७८ जना गर्भवती महिलालाई सेवा प्रदान गरिएको ।

नि.प्रमुख प्रशासकीय अधिकृत

- मृगौला प्रत्यारोपण गरेका, डायलायसीस गराईरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीहरुलाई औषधि उपचार खर्च बापत मासिक रु ५०००/- दरले उपलब्ध गराइने रकम ११६ जना बिरामीहरुलाई जम्मा रकम रु. १७,१५,०००/- भुक्तानी गरियो ।
- विपन्न नागरिक औषधि उपचार कार्यक्रम अन्तर्गत २३ जना बिपन्न बिरामीहरुलाइ निशुल्क उपचार सेवाका लागि सिफारिस गरिएको ।
- समुदायस्तरमा नसर्ने रोगको खोजपड्ताल कार्यक्रम अन्तर्गत समुदायमा गई २८६ जनाको स्वास्थ्य सूचक मापन गरिएको ।
- यस त्रैमासिकमा आयुर्वेद तथा वैकल्पिक चिकित्सा अन्तर्गत ४ हजार ८६ जनालाई सेवा दिइएको ।
- प्रजनन स्वास्थ्य रुग्णताको एकीकृत स्वास्थ्य शिविर मार्फत १५६ जना महिलाहरुलाई सेवा प्रदान गरिएको ।
- बागमती प्रदेश सरकार, स्वास्थ्य निर्देशनालयको आयोजनामा निशुल्क बृहत एकीकृत स्वास्थ्य शिविर मार्फत विशेषज्ञ डाक्टरहरुवाट ७३० जनालाई सेवा प्रदान गरिएको ।
- माडी वडा नं. ७ र ८ मा रेबिज रोग सम्वन्धि सचेतना कार्यक्रम संचालन गरिएको ।
- घरदैलो स्वास्थ्य सेवा कार्यक्रमको सुरुवात गरिएको ।
- सिकलसेल एनिमियाको बिरामीहरुको सूचीकरण गरि १० जना बिरामीहरुलाई अस्पतालसम्म आवतजावत गर्न यातायात खर्च वितरण गरिएको ।
- कल्याणपुर स्वास्थ्य चौकीमा किशोर किशोरी मैत्री स्वास्थ्य सेवा संचालन गरिएको ।
- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई नसर्ने रोग तथा मानसिक स्वास्थ्य सम्वन्धि अभिमुखीकरण कार्यक्रम संचालन गरिएको ।
- स्वास्थ्यकर्मी, विद्यालय नर्स तथा बिमा दर्ता सहयोगीहरुलाई मानसिक स्वास्थ्य प्रवर्धन तथा आत्महत्या सम्वन्धि अभिमुखीकरण कार्यक्रम संचालन गरिएको ।
- मनोसामाजिक परामर्शकर्ताद्वारा व्यक्तिगत तथा सामुहिक रुपमा ७५ जना सेवाग्राहीलाई मनोसामाजिक परामर्श दिईएको ।
- नगर पार्श्वचित्र निर्माणका लागी स्वास्थ्यकर्मीहरु मार्फत तथ्यांक संकलन कार्य भईरहेको ।
- आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि १४ लाख २५ हजार ४ सय ३६ रुपैयाँ वराबरको आवश्यक औषधि खरिद गरिएको ।
- बागमती प्रदेश सरकार, जनस्वास्थ्य कार्यालय चितवनको आर्थिक सहयोगमा वघौडा अस्पतालमा फोहोरमैला व्यवस्थापन कक्ष निर्माण गरिएको ।

नि.प्रमुख प्रशासकीय अधिकृत

सामाजिक विकास तथा आर्थिक विकास तर्फ

| क्र.सं. | अपाङ्ग परिचय पत्र वितरण | | आ.व. २०७८/०७९ | आ.व. २०७९/०८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | चालु आ.व.को असार मशान्त सम्म |
|---|---|---|---|---|---|---|---|
| १ | पूर्ण अपाङ्गता रातो कार्ड | महिला | १२ | ९ | ८ | ७ | २ |
| | | पुरुष | १० | १८ | ११ | १३ | ४ |
| २ | अति अशक्त अपाङ्गता निलो कार्ड | महिला | ३० | ४४ | २६ | २४ | ६ |
| | | पुरुष | ४३ | ५७ | ४२ | ३१ | ९ |
| ३ | मध्यम अपाङ्गता पहेंलो कार्ड | महिला | ११ | १० | १५ | ६ | ३ |
| | | पुरुष | १४ | १३ | १५ | ५ | १ |
| ४ | सामान्य अपाङ्गता पहेंलो कार्ड | महिला | ९ | ११ | ७ | ५ | ० |
| | | पुरुष | १२ | १४ | १३ | ६ | ३ |
| जम्मा | | | १४१ | १७६ | १३७ | ९७ | २८ |

- लैङ्गगिक हिंशा विरुद्दको १६ दिने अभियान सम्पन्न गरिएको ।
- लैगिंक हिंशा पिडित तथा प्रभावितहरुका लागि कानुनी तथा मनोसामाजिक परामर्श कार्यक्रम सम्मपन्न गरिएको ।
- अन्तराष्ट्रिय अपाङ्ग दिवसमा दिवसीय कार्यक्रम सम्पन्न गरिएको ।
- नगर स्तरीय तथा वडास्तरीय बाल अधिकार समिति गठन तथा २ दिने कार्यशाला एवम् अभिमूखिकरण सम्पन्न भएको ।
- मानव वेचविखन तथा ओसारपसार नियन्त्रण समिति गठन तथा समितिलाई अभिमुखिकरण गर्ने कार्य सम्पन्न गरिएको ।
- अपाङ्ग समन्वय समितिको बैठक तथा परिचयपत्र वितरण कार्यक्रम नियमित रुपमा गरिएको तथा हनुमानझुलामा शिविर आयोजना गरी अपाङ्ग परिचयपत्र वितरण गरिएको थियो ।

नि.प्रमुख प्रशासकीय अधिकृत

- बालिबालिकाको वैकल्पिक हेरचाह सम्बन्धी कार्यविधि २०८२ अनुसार वालबालिकाको हितमा आवश्यक कार्य गरिएको ।
- दलित लक्षित आयआर्जन तथा जिविकोपार्जन सुधार कार्यक्रम अन्तर्गत देहायका कार्यक्रम सञ्चालन गरिएको,
  -पञ्चेबाजा तालिम (माडी न.पा को वडा नं. ७ मा सम्पन्न जसमा वडा नं.५, ७ र ८ बाट ३० जना सहभागी) -साबुन, सरफ तालिम (माडी न.पा.को वडा नं.६ मा सञ्चालन २५ जनाको सक्रिय सहभागिता रहेको)
  -वारिस्ता (कफी) तालिम (माडी न.पा वडा न ५ बाट २५ जनाको सहभागिता रहेको)
  -आरन वितरण कार्यक्रम (माडी न.पा का ९ वटै वडा बाट १/१ जनालाई वितरण वडा नं. ९ बाट २ जनालाई वितरण)
  -मादल,सारङ्गि वाद्यवादन तालिम(माडी न.पा अन्तर्गतका ९ वटै वडाबाट ३० जनाको सक्रिय सहभागिता रहेको)
- अपाङ्गता भएका व्यक्तिहरुको लागि समुदायमा आधारित पुनस्थार्पना कार्यक्रम अपाङ्गता समाज माडी ले माडी नगरपालिका को आर्थिक सहयोगमा प्रशिक्षण र सहायता सामाग्री वितरण गरी दुई चरणमा सम्पन्न गरेको थियो ।
- विपन्न वालवालिका लाई शैक्षिक सामाग्रि वितरण कार्यक्रम अन्तर्गत मनमोंहन वालग्राम वाट पुनर्सथार्पना भएका वालवालिकालाई लक्षित गरी सामाग्री खरिद गरिएको ।
- माडी प्रज्ञा प्रतिष्ठान मार्फत् गणतन्त्र दिवसको अवसरमा मौलिक संस्कृति उत्सव आयोजना गरी भव्यताका साथ सम्पन्न गरिएको थियो ।
- स्थानीय भाषा, कला, संस्कृति, साहित्यको जगेर्नाका लागि विभिन्न समयमा विभिन्न कार्यक्रमहरु सञ्चालन गरिएको, पठन संस्कृतिको विकास, मौलिक तीज गीत प्रतियोगिता, रत्यौलि प्रतियोगिता, मौलिक संस्कृति शुभेक्छा कार्यक्रम, हाँजिरीजवाफ प्रतियोगिता लगायतका कार्यक्रमहरु सञ्चालन गरिएको थियो ।

**श्रम, रोजगार, सुरक्षित आप्रवासन तथा उद्यम विकास तर्फ**

- वैदेशिक रोजगारी सम्वन्धी आर्थिक सहायता तथा स्वास्थ्य उपचार सहायता सहजीकरण ४ जना हालसम्म प्राप्त जम्मा सहायता रकम रु.७४,५०,०००/- प्रदान गरिएको
- औपचारीक तथा अनौपचारीक क्षेत्रका श्रमिकहरुलाइ सामाजिक सुरक्षा कोषमा आवद्धता सम्वन्धी अभिमूखीकरण गरिएको
- माडी नगरपालिका अन्तर्गतका करार तथा ज्यालादारी कर्मचारीहरुलाइ सामाजिक सुरक्षा कोषमा आवद्ध गरिएको
- वैदेशिक रोजगारीवाट फर्किएका व्यक्तिहरु र वैदेशिक रोजगारमा रहेका व्यक्तिहरुको घरपरिवारका सदस्यहरुलाइ ७ दिवशीय उद्यमशिलता प्रर्वद्धन कार्यक्रम सहभागी २५ जना

प्रमुख प्रशासकीय अधिकृत

- वैदेशिक रोजगारमा रहेका व्यक्तिहरुको घरपरिवारका सदस्यहरुलाइ वित्तिय साक्षरता कक्षा सञ्चालन लामो अवधीको २१ हप्ता

  वडा न ३ इनरवरुवा सहभागी ३२ जना

  वडा नं ५ पिपरीया २५ जना

- वडा नं १ र २ मा टोल विकास संस्थाहरुको समन्वयमा औपचारीक तथा अनौपचारीक समुहहरुमा आवद्ध भएका व्यक्तिहरुलाइ वित्तिय साक्षरता कक्षा सञ्चालन छोटो अवधीको

  एक दिवशीय ५ वटा १३५ जना

  तीन दिवशीय ३ वटा ८० जना

- वैदेशिक रोजगारी सम्वन्धी समस्या तथा श्रम स्विकृती सम्वन्धी सहजीकरण १२१ जना
- विद्यालयस्तरमा ९० मिनेटको वित्तिय साक्षरता कक्षा सञ्चालन

  १. विद्याज्योती इग्लिस वोर्डिङ्ग स्कुल बरुवा

  २. सोमेश्वर माध्यमिक विद्यालय बरुवा

  ३. दिवाकर माध्यमिक विद्यालय रमाइलोडाडा

  ४. वह्मपुरी आधारभुत विद्यालय बह्मपुरी

  ५. सगरमाथा माध्यमिक विद्यालय हनुमानझुला

- वैदेशिक रोजगारी जानपूर्व प्राप्त गर्नपर्ने सूचना सम्वन्धी गहन अभिमूखिकरण १२ वटा समुहलाइ १ देखी ९ नं वडाका विभिन्न स्थानमा सहभागी २१० जना
- नाला मर्मत योजनामा न्युनतम रोजगारी ४ जनालाइ १९५ दिन
- साम्भावित महिला उद्यमिहरुलाइ ८ दिवशीय उद्यमशिलता प्रर्वद्धन कार्यक्रम सहभागी ६० जना
- पुराना उद्यमिहरुलाइ प्रविधि हस्तानान्तरण अन्तर्गत ४ जनालाइ इलेक्ट्रिक सिलाइ कटाइ मेसिन वितरण गरिएको

**वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ**

- विपद्जन्य आगलागी, हावाहुरी, जंगलीजनावरको आक्रमण, घाइतेहरुलाई उपचार तथा मृतकका परिवारको क्षती विवरण संकलन गरी जम्मा = ५७ घर परिवारलाई राहत बितरण गरेको ।
- १७ वटा आगलागीका घटना दमकल परिचालन गरी नियन्त्रणमा लिएको ।
- बिपद् जोखिम न्यूनिकरणका लागी सडक मर्मत, ग्याबिन जाली तडबन्धन ,सोलार फेन्स ,कुकुर वन्ध्याकरण शिविर, लगायतका कार्यक्रम गरेको ।
- नगरपालिकाका प्रत्यक घर घरमा पुगी फोहोर संकलन तथा ब्यवस्थापन नियमित गरिरहेको ।
- टोल विकास संस्था संग फोहोरमैला ब्यवस्थापन तथा सरसफाइ सम्वन्धी प्रत्यक वडाहरुमा अन्त्रक्रिया कार्यक्रम सञ्चालन गरेको ।

नि.प्रमुख प्रशासकीय अधिकृत

- बिपद् व्यवस्थापन तथा न्यूनिकरण सम्बन्धी वडास्तरिय बिपद् ब्यवस्थान समिति, पालिका स्तरिय बिपद् व्यवस्थनपन समिति लगाएत सरोकारवाला हरु संग नियमित बैठक ,छलफल तथा अन्तरक्रिया कार्यक्रम भएको ।

सहकारी, संघ संस्था तथा व्यवसाय दर्ता तर्फ

आ.व.२०८२/०८३ मा दर्ता भएका व्यवसाय संख्या- १०२

आ.व.२०८२/०८३ मा नविकरण भएका व्यवसाय संख्या- १२१२

नगरपालिकामा रहेका सहकारी संख्या-४०

यस आ.व.मा अनुगमन गरिएको संख्या-४०

लेखा परिक्षण गर्ने सहकारी संस्था -३०

लेंखा परिक्षण नगर्ने सहकारी -१०

सफ्टवेयर प्रयोग गर्ने सहकारी-१७

सफ्टवेयर प्रयोग नगर्ने सहकारी-२३

जम्मा सहकारीमा आवद्ध सदस्य -१८,६४१

सहकारीको कुल पूँजी-१,२०,९४,२५,६७६.६२

आन्तरिक लेखापरीक्षण शाखा तर्फः

- आ.व. २०८२/८३ मा करिव ३ महिनाको अवधिमा रु. १,३५,१०४ सम्परीक्षण भई महालेखा परीक्षकवाट लगत कट्टा भएको ।
- असूल उपर गर्नुपर्ने देखिएको वेरूजु मध्ये करिव रु.५० लाख सम्बन्धित व्यक्तिहरूवाट असूल उपर गर्न परिपत्र जारी भएको।
- अनियमित भनी औंल्याइएको वेरूजु मध्ये रु. ९ करोड ४९ लाख नगर सभाबाट नियमित भई सम्परीक्षणका लागि महालेखा परीक्षक समक्ष अनुरोध पठाएको।
- वेरूजुलाई शून्यमा झार्न तथा सेवा प्रवाहको स्तर सुधार गर्न लेखा समिति, आन्तरिक लेखापरीक्षण शाखा र नगरकार्यपालिकाको कार्यालय क्रियाशील रहेको
- लेखापरीक्षणमा सहजीकरण गर्न तथा असूल उपर गर्नुपर्ने वेरूजु जस्ता विषयमा विभिन्न शाखागत सहयोग प्राप्त भएको।

१०) कार्यालय प्रमुख र सूचना अधिकारीको विवरण

कार्यालय प्रमुखको नाम : जगत प्रसाद भुसाल, प्रमुख प्रशासकीय अधिकृत, ९८५५०५०३०६

सूचना अधिकारीको नाम : प्रवीण भण्डारी, सूचना प्रविधि अधिकृत, ९८५५०१४०३६

नि.प्रमुख प्रशासकीय अधिकृत

११) ऐन, नियम, विनियम वा निर्देशिकाको विवरण

चालू ३ महिनामा राजपत्रमा प्रकाशित विभिन्न ऐन नियमावली तथा कार्यविधि र मापदण्डहरुको विवरण

१. माडी नगरपालिकाबाट गरिने बजार अनुगमन ऐन २०८३

२. माडी नगरपालिकाको विनियोजन ऐनलाई बनेको ऐन २०८३

३. आर्थिक ऐन २०८३

४. माडी प्रज्ञा प्रतिष्ठान नियमावली २०८३

५. सुरक्षित आप्रवासन सम्वन्धी कार्यविधि २०८२

६. प्रधानाध्यापक नियुक्ति सम्बन्धी कार्यविधि,२०८३

यस आर्थिक वर्षमा कूल ६ ऐन र २५ कार्यविधि निर्देशिका नियमावली मापदण्ड निर्माण गरिएको ।

१२) माडी नगरपालिकाको विनियोजन र खर्च

| विवरण | विनियोजित रकम (रु.) | खर्च रकम (रु.) | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु तर्फ | ६५,१६,२३,५४५.९७ | ५४,७१,०७,०५७.४१ | ८३.९६ |
| पुँजिगत तर्फ | २९,२०,७४,००४.०० | १६,६२,२३,३७२.२८ | ५६.९१ |
| जम्मा | ९४,३६,९७,५४९.९७ | ७१,३३,३०,४२९.६९ | ७५.५८ |

१३) राजश्व आम्दानी

| स्रोत | प्रस्तावित आय | वास्तविक आय | प्रतिशत |
|---|---|---|---|
| संघीय सरकार | ४९,४४,०९,०००.०० | ४६,७८,१०,६९७.०० | ९४.६२ |
| प्रदेश सरकार | ८,०९,८७,०००.०० | ७,२३,८६,५२५.०० | ८९.३८ |
| राजश्व बाँडफाँड | २३,४१,५८,४४४.२९ | २१,०६,३३,६३०.२० | ८९.९५ |
| आन्तरिक स्रोत | १३,४१,४३,१०५.६८ | १५,७८,९४,९०१.५० | ११७.७१ |
| जम्मा | ९४,३६,९७,५४९.९७ | ९०,८७,२५,७५३.७० | ९६.२९ |

नि.प्रमुख प्रशासकीय अधिकृत

१४) सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण

www.madimunchitwan.gov.np

१५) सूचना माग सम्बन्धी विवरण

लिखित रुपमा सूचना माग भएको सबै मागकर्तालाई सूचना उपलब्ध गराइएको

२०८३।०४।०८

प्रविण भण्डारी
सूचना अधिकारी

नविनराज रुवाली
निमित्त प्रमुख प्रशासकीय अधिकृत
नि.प्रमुख प्रशासकीय अधिकृत

मिति २०८३ श्रावण ०८ गते शुक्रवार